# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २५५ | बुटवल | २०८१ भदौ २५, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Sept.10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१




**छाक टार्ने मेसो :**
बुटवल उप-महानगरपालिका–११ विनापातेमा महिलाहरू ढुङ्गालाई कुदेर सिलौटो बनाउँदै । उनीहरुले एउटा सिलौटोलाई एक हजार रुपैयाँमा बेच्दै आएका छन् । *तस्विरः लुम्बिनी*

# चेक बाउन्समा चार वर्ष जेल सजाय

**लुम्बिनी संवाददाता**
*बुटवल*

चेक बाउन्स केसमा चार वर्षसम्म जेल सजाय हुने भएको छ । बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८१ अर्थ समितिबाट पारित भएसँगै यसअघिको भन्दा कडा सजाय हुन लागेको हो ।

१० करोडभन्दा बढी चेक बाउन्स (अनादर) प्रमाणित भए चार वर्षसम्म कैद सजाय हुने प्रावधानसहित पारित भएको हो । आइतबार नै चेक अनादरसम्बन्धी मुद्दामा दोषी ठहर भए एक महिनादेखि दुई वर्षसम्म कैद सजाय हुने सहमति भएको थियो ।

समितिका सभापति सन्तोष चालिसेले बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८१ मा चेक अनादर प्रमाणित भएमा १५ लाखसम्मको चेक अनादरमा एक महिना, ५० लाखसम्म तीन महिना, एक करोडसम्म एक वर्ष र एक करोड रुपैयाँ दुई वर्ष र १० करोडभन्दा माथि ४ वर्ष कैद सजाय हुने सहमतिसाथ विधेयक पारित भएको बताए ।

समिति बैठकले चेक अनादरको मुद्दामा १० करोड रुपैयाँभन्दा माथिको बिगोमा २ वर्षदेखि चार वर्ष कैद सजाय थप गरिएको चालिसेले बताए । समितिमा सांसदहरूले ठूलो रकमको बिगो भएको मुद्दामा सजाय धेरै हुनुपर्ने मागपश्चात् १० करोडभन्दा माथि बिगोमा चार वर्ष कैद सजाय थप गरी विधेयक पारित भएको छ ।

सभापति चालिसेले समितिले पारित गरेको विधेयक प्रतिनिधिसभामा पेश गर्न समय माग गर्ने निर्णय पनि समितिले गरेको जानकारी दिए । २०८० साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो भने तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले २०८० असोज १६ गते यो विधेयक सदनमा दर्ता गरेका थिए ।

चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरूप बनाउनका लागि सरकारले विधेयक ल्याएको हो । विधेयक पारित भएसँगै कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्याद नभइ चेक जारी गर्न नपाउने व्यवस्था गरिएको छ ।

चेक अनादरको भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा ३० दिनको म्याद दिइ खातामा आवश्यक रकम जम्मा गर्न खातावालालाई जानकारी दिइ अभिलेख राख्नुपर्ने व्यवस्था राखिएको छ ।

# नेपालको बिजुली बंगलादेशले लैजाने तयारी

काठमाडौं । बंगलादेशमा गठन भएको अन्तरिम सरकारले नेपालबाट बिजुली लैजान तयार रहेको बताएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बिजुली लैजान तयार रहेको भन्दै छिट्टै सम्झौता गर्ने बंगलादेशले प्रस्ताव गरेको हो । ऊर्जा मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतकाअनुसार उनीहरु सकारात्मक भएपछि सम्झौताको प्रक्रिया अघि बढेको छ ।

त्रिपक्षीय सम्झौता गएको साउन १३ गते (जुलाई २८) गर्ने तयारी थियो । नेपाल, भारत र बंगलादेशका मन्त्रीको उपस्थितिमा विद्युत् व्यापार सम्झौता गर्न लागिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतका पावर मिनिस्टर मनोहरलाल खट्टर र बंगलादेशका मन्त्रीलाई निम्ता गरेका थिए । तर बंगलादेशमा आन्दोलन चर्किएपछि सम्झौता रोकिएको थियो । नयाँ अन्तरिम सरकार बनेपछि त्यतिबेला सम्झौता हुन सकेको थिए । नयाँ सरकार गठन भएपछि उसको समेत प्राथमिकतामा परेपछि विद्युत् सम्झौताको विषयमा पुनः प्रक्रिया अघि बढेको हो ।

सम्झौता नेपाल विद्युत् प्राधिकरण, एनभीभीएन भारत र बंगलादेश पावर डेभलप्मेन्ट बोर्ड (बीपीडीबी)बिच सम्झौतापछि नेपालबाट बंगलादेश बिजुली लैजाने बाटो खुल्नेछ ।

बीपीडीबीले २०८० पुस १६ गते नेपालबाट उत्पादित ४० मेगावाट विद्युत् बंगलादेश, भारत र नेपालका निकायहरुबीचको त्रिपक्षीय सम्झौताअनुसार हुनेगरी पाँच वर्षसम्म खरिदका लागि बोलपत्र (टेण्डर) आह्वान गरेको थियो । प्राधिकरणले विद्युत् बिक्रीका लागि तोकिएको ढाँचामा बिक्री गरिने विद्युत्को दरसहितको बोलपत्रसम्बन्धी कागजात पेस गरेको थियो । पेस गरिएका बोलपत्रसम्बन्धी कागजात मूल्याङ्कन गरी त्यसलाई सम्बन्धित निकायबाट स्वीकृत भएको जानकारी दिँदै बीपीडीबीले बोलपत्र स्वीकार गर्ने आशयको सूचना प्राधिकरणलाई दिएको थियो ।

» *बाँकी ३ पेजमा*

## बुटवल उप-महानगरले भन्यो :

# ‘कुहिएको मासुबाट बिरयानी बनाएको’ होइन




**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल उप-महानगरले बुटवलको नेपाल गञ्जरोडमा सञ्चालित हैदरावादी बिरयानी सेन्टरले ‘कुहिएको मासुबाट बिरयानी बनाएको’ भनेर गरिएका एकतर्फी मिडियाबाजी गलत भएको भन्दै सरसफाइमा थप सुधार गर्नुपर्ने देखिएकाले जरिवाना गरेको स्पष्ट पारेको छ ।

उप-महानगरका अनुगमन तथा मूल्यांकन शाखाका अधिकृत ठगिश्वर पोखरेलले गत २० गते भएको अनुगमनमा किचनको सरसफाइमा केही कमजोरी रहेको भेटिएकाले २२ हजार जरिवाना गरिएको बताए ।

किचनको सरसफाइ पूरा गरेपछि जुनसुकै बेला होटल सञ्चालन गर्न पाउने पोखरेलले स्पष्ट पारे ।

‘हामीले कुनै व्यवसायीलाई हतोत्साही बनाउनु हुँदैन भन्नेमा स्पष्ट छौं, उहाँले सरसफाइमा भएको कमजोरी वापत जरिवाना तिर्नुभएको छ, कुहिएको मासुबाट बिरयानी बनाएको भन्ने कुरा सत्य होइन, किचन पुनःनिर्माण गरेर सरसफाइका मापदण्ड पूरा गरेपछि होटल सञ्चालनमा कुनै समस्या हुँदैन ।’-पोखरेलले भने ।

उप-महानगरको टोलीले अनुगमनमा क्रममा भेटाएका र दिएका सुझावभन्दा फरक ढंगले समाचार आउन नहुने भन्दै मिडियामा कसले जानकारी दिने भन्ने विषयमा अब उप-महानगरले आधिकारिक धारणा बनाउनुपर्ने देखिएको उनले बताए ।

भदौ २० गते उप-महानगरको टोलीले सम्बन्धित विषयको प्राविधिक खाद्य निरीक्षक विनै अनुगमन गरेको थियो । उक्त दिन अरु कुनै होटेलमा नगरी हैदरावादी बिरयानी सेन्टरमा मात्रै अनुगमन गरेको थियो ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले स्थानीय तहले होटेल रेष्टुरेण्टमा अनुगमन गर्दा खाद्य निरीक्षक र वाणिज्य कार्यालयका प्रतिनिधि पनि हुनुपर्ने बताए । ‘अनुगमन हुनुपर्छ, तर पारदर्शी, सबै व्यवसायीलाई समान व्यवहार र स्वार्थ बाझिने प्रश्न नउठ्ने गरी गर्नुपर्छ, कुनै एक व्यवसायीलाई निशाना बनाएर गरिनु हुँदैन ।’-प्रजिअ अर्यालले भने ।

खाद्य पदार्थसम्बन्धी अनुगमनमा स्थानीय तहमा खाद्य निरीक्षक भए पालिकाबाटै नभए सम्बन्धित सरकारी कार्यालयबाट खाद्य निरीक्षक बोलाएर अनुगमन गर्नुपर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाकी सूचना अधिकृत ज्योत्सना शर्मा अधिकारीले बताइन् ।

अनुगमनको क्रममा देखिएका विषयलाई अप्राविधिक व्यक्तिले आफूखुशी मिडियामा जानकारी दिनु अनुचित र गलत हुने उनले बताइन् । हैदराबादी बिरयानी सेन्टरका सञ्चालक जनक खड्काले एकतर्फी समाचार प्रचार गरेर आफूलाई बुटवलबाट लखेट्न खोजिएको गुनासो गरे ।

बिरयानी बनाउन प्रयोग हुने मासुबाट काम नलाग्ने छालालगायत भाग निकालेर अरु कसैलाई दिन फ्रिजमा राखेको विषयलाई अतिरन्जित गरेर प्रचार गर्दा आफू जस्तो सोझो र सामान्य व्यवसायी पलायन हुनुपर्ने हो कि भन्ने चिन्ताले पीडामा परेको उनले गुनासो गरे ।

उनले एक दुई/दिनभित्रै होटेल थप गुणस्तरीय सेवासहित सुचारु हुने जानकारी गराउँदै गलत प्रचारबाजीको भ्रममा नपरी विगतमा जस्तै माया र साथ दिन अपील गरेका छन् ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेलले अनुगमनका क्रममा उप-महानगरको टोलीले दिएको पत्र र मिडियामा भएको प्रचारबाजी ठिक उल्टो देखिएको बताए ।

‘मिडियाको कारणले कसैको परिवारको बिचल्ली नहोस्, कोही आफ्नो पेसा व्यवसायबाट पलायन हुने अवस्था सृजना नहोस् ।’-अध्यक्ष पोखरेलले भने ।




## सम्पादकीय

# वातावरणप्रति संवेदनशिल वन

लुम्बिनी प्रदेश सरकारको स्थायी संगठनात्मक संरचनामा वन तथा वातावरण मन्त्रालय र मातहतका निकायमा १२ सय जनशक्तिमध्ये एक जना वातावरण निरीक्षकको दरबन्दी कायम गरिएको छ। वातावरणको मुद्दा बढिरहेका र त्यसको व्यवस्थापनका लागि सरकारले प्राथमिकता दिनुपर्ने आवाज उठिरहेको बेला प्रदेश सरकारले एक जनाको मात्रै दरबन्दी कायम गर्नुले वातावरणप्रति सरकार गम्भीर छैन भन्ने पुष्टि हुन्छ।

प्रदेशमा स्थापना हुने उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) स्वीकृति प्रदेश सरकारले गर्नुपर्छ। सामुदायिक र अन्य वनहरुको योजना स्वीकृति उद्योगहरुको वातावरणीय अनुगमनलगायतका काम प्रदेशबाटै गर्ने संवैधानिक प्रबन्ध छ। प्रदेशमा रहेका उद्योग, संस्थान, मेडिकल कलेजहरुले गर्न सक्ने प्रदूषणबारे अनुगमन गरी कारबाहीका लागि संघमा सिफारिस गर्ने अधिकार प्रदेश सरकारलाई छ। यो अधिकारको प्रयोग जनशक्ति व्यवस्थापन गर्न सक्दा मात्रै संभव छ। वनका दरबन्दीबाटै वातावरणको काम चलाउन खोजिएको हो भने काम कुरा एकातिर कुम्लो बोकी ठिमितिर भनेभैं हुन्छ।

वातावरण जोगाउन सक्दा मात्रै मान्छे जोगिने हो। अरु प्राणीको जीवन जोगिने हो। अरु प्राणी जोगिन सक्दा मात्रै मान्छेको जीवन सुरक्षित र सहज हुने हो। विकास पूर्वाधार निर्माणमा खेलाँची हुँदा वातावरणीय जोखिम बढेको छ। जलवायु परिवर्तनको असर चौतर्फी देखिन थालेको छ। बढ्दो प्रदूषणको असर समाजले भोगिरहेको छ। वातावरण संरक्षण भन्ने बित्तिकै कतिपय अवस्थामा वन जोगाउनु हो भन्ने बुझाइ स्थापित छ, तर वन जोगाउनु मात्रै वातावरण संरक्षण होइन्, वन जोगाउने विषय एउटा पाटो हो। समाजमा वातावरणका मुद्दा धेरै छन्, जुन वनसँग मात्रै सम्बन्धित छैनन्। वातावरणको सवाल जब सरकारको प्राथमिकतामा पर्दैन्, दीगो विकासको कल्पना गर्न सकिंदैन। वातावरण केवल गैरसरकारी संस्थाले उठाउने विषयमात्रै होइन।

सरकारले एउटा वातावरण निरीक्षक परिचालन गरेर यस क्षेत्रमा केही नतिजा हासिल गर्न सक्तैन। वातावरणप्रति सरकार संवेदनशिल हो र केही नतिजा देखाउन खोजेको हो भने तत्काल कम्तिमा मन्त्रालयको वातावरण शाखा व्यवस्थित ढंगले चल्ने अवस्था श्रृजना गर्नुपर्छ। संघीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकारले कामकाज गर्न थालेको सात वर्ष भयो अहिलेसम्म मन्त्रालयको वातावरण शाखा व्यवस्थित नहुनुले वातावरणप्रति सरकारको भूमिकामै प्रश्न उठेको छ। अनावश्यक र बोझिला संरचना हटाउँदै आवश्यक र नतिजा दिने खालका संरचनामा दरबन्दी थप्न ढिलाइ गर्न हुन्न।

# प्रधानमन्त्री–व्यापारी सुसम्बन्ध



श्यामप्रसाद मैनाली

वर्तमान समयमा व्यापारीहरूले विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने विद्युत् महसुल नबुझाएका कारण यो विषय संसदको सार्वजनिक लेखा समितिमा प्रवेश पाई छलफल भइराखेको छ। लामो समयदेखि बाँकी रहेको बक्यौता रकम केही व्यापारीहरुले बुझाएनन्। विद्युत् प्राधिकरणले लाइन काटिदियो। सरकारले लाइन जोड्नु भन्यो। जोडि दियो, तैपनि पैसा तिरेनन। फेरि लाइन काटियो। व्यापारीहरु नवनियुक्त प्रधानमन्त्री केपी ओलीजीलाई बधाई दिन पुगे। ठूलो रकम बक्यौता राखेका व्यापारीहरूले उक्त रकम तिर्नुपर्ने होइन त्यसैले हाम्रो लाइन काटिनुका कारण उत्पादन कार्यमा प्रतिकुल प्रभाव परिराखेको छ। यसले देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने नै भयो, तसर्थ उनीहरुको उद्योगको लाइन जोडिदिन आग्रह गरेछन्। विशाल हृदय भएका प्रधानमन्त्रीले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई बोलाई ती व्यापारी हरूको फ्याक्ट्रीमा शीघ्र लाइन जोडिदिन कडा निर्देशन दिएछन्।

उक्त आदेश मौखिक भएकाले यसलाई पालना गर्न विद्युत प्राधिकरणलाई असहज भएछ, लाइन जोडिएन। प्रधानमन्त्रीले र ऊर्जामन्त्री दुवैले व्यापारीहरुलाई परेको मर्का राम्ररी बुझेछन्। विद्युत् महसुल निर्धारण आयोगमार्फत् निर्णय गराई विद्युत् प्राधिकरणलाई उनीहरुको लाइन जोडिदिन लिखित निर्देशन भएछ। उक्त निर्णयमा असहमति जनाउने दुईजना बोर्ड सदस्यहरुलाई मन्त्रीजीले बर्खास्त गरिदिएछन्। उनीहरु अदालतबाट पुनर्बहाली भइ आएका छन्। बहुमतको निर्णयले लाइन जोड्न दिएको निर्देशनको आधारमा निर्देशनको पालना विद्युत् प्राधिकरणले तीन महिनाभित्र रकम सबै बुझाउने शर्तमा काटिएको लाइन जोडीदिएछ। प्रधानमन्त्री र मन्त्री आफ्नो निर्देशन शीघ्र पालना नगर्ने कुलमानजीविरुद्ध लागिपरेको अवस्था देखिन्छ। सार्वजनिक लेखा समितिमार्फत् कुलमानजीलाई कारबाही गर्न अख्तियारमा लेखी पठाउने र सोही आयोगमा आफैले नियुक्त गरेका आज्ञापालकहरुबाट कुलमानजीलाई कारबाही गराउने प्रपञ्च रचिएको अवस्था छ।

यसमा सार्वजनिक लेखा समितिमा प्रतिपक्षी दलका सांसद हरुले आपत्ति जनाएका छन्। उनीहरूको विचारमा यो विद्युत् महसुल असुल गर्न विद्युत् प्राधिकरणलाई निर्देशन दिनु उपयुक्त हुन्छ। अन्य विषयमा छलफल गरिरहनु जरुरी देखिँदैन। यसैमा विवादित बन्दै सार्वजनिक लेखा समितिको निर्णय आउन सकेको छैन, छलफल जारी छ। प्रधानमन्त्रीज्यूलाई यो महसुलसम्बन्धी विषयको विस्तृत जानकारी नै नलिइँ किन निर्देशन गर्नु जरुरी भएको होला ? यसै विषयमा यो आलेखलाई केन्द्रित गरिएको छ।

सार्वजनिक लेखा समितिमा एकै दलका माननीय सांसदहरूले पनि दुई प्रकारका मतहरू राखिराखेका छन्। छलफलमा आएका केही विषयहरुले सर्वसाधारण सबैलाई स्पष्टहुन नसकेको अवस्था छ। प्रधानमन्त्रीज्यू पूर्व प्रधानमन्त्री प्रचण्डजीका पालामा १६ अर्ब रुपैयाँ महसुल मिनाहा गरिएको बताइरहनु भएको छ। पूर्व प्रधानमन्त्री प्रचण्डजीले ओलीजीले नै विद्युत् प्राधिकरणको रकम उठाउन व्यवधान गरेको प्रत्यक्ष आरोप लगाइ रहनु भएको छ। व्यापारीहरू हामीले यथा समयमा मासिक बिल नपाएकाले रकम नतिरेका हौँ, हामीले प्रयोग गरेको बिजुलीको रकम तिर्न तयार छौं। उपभोग नगरेको विद्युत्को महसुल हामीले तिरेका छैनौं र तिर्दा हामीमाथि अन्याय हुन्छ भनिराखेका छन्। प्राधिकरण बिल सबै उपलब्ध गराएको दाबी गरिराखेको छ।

बिल रकम विभिन्न अभिव्यक्तिहरू सुन्दा कहिले ६ अर्ब, कहिले १६, अर्ब त कहिले २१ अर्बभन्दा बढी करिब २२ अर्ब रहेको व्यहोराले सुसूचित हुँदा कुन अङ्क सही हो ? निक्यौल गर्नुपर्ने अवस्था छ। व्यापारीहरुमाथि अन्याय हुनुभएन। सरकारले आफ्नो राजस्व पनि उठाउनुपर्यो। दुईवटा पूर्व प्रधानमन्त्री र वर्तमान प्रधानमन्त्रीबिचको आपसी आलोचनाले गर्दा यति ठूला जिम्मेवार व्यक्तिहरूमा कुन व्यक्तिले सत्य र प्रमाणका आधारमा बोलिराखेका हुन् ? नेपाली जनतालाई स्पष्ट पार्नुपर्ने अवस्था छ। तसर्थ यो अन्योल र विविध प्रकारका टिका टिप्पणी र आलोचना तथ्यमा आधारित हुँदै बाहिर आउनु उपयुक्त हुन्छ। नौ वर्षसम्म बक्यौता रकम नउठ्नु, नउठाउनु, रकममा दुविधा हुनु, यति लामो अवधिको हर्जना र ब्याजको अवस्था के हुने हो ? यस 'दयगतमा पनि सम्बन्धित पक्षहरू जवाफदेही हुनुपर्दछ।

अब प्रधानमन्त्री ओली सञ्चार माध्यममा पटक पटक आएका आलोचनात्मक टिप्पणीहरूका उल्लेख गरौं। ७६ सालमा केही व्यापारी हरुलाई उपलब्ध गराएको डेडिकेटेड र ट्रंक लाइनको महसुल नतिरेकाले विद्युत आपूर्ति बन्द गरिएको थियो। तर तत्कालीन प्रधानमन्त्री केपी ओलीजीले उक्त लाइन जोड्न लगाउनुभयो। व्यापारी हरूले महसुल नबुझाएको भन्दै विद्युत प्राधिकरणले दाबी गरेको नौ वर्षको अवधिमा चार वर्ष ओलीजी नै प्रधानमन्त्री हुनुहुन्थ्यो। प्रारम्भमा ओलीजीले नै लाइन काट्ने आदेश दिनुभयो। पुनः त्यो काटिएको लाइन जोडिदिन आदेश गर्नुभयो। तीनवटा मन्त्रीहरू र सचिवको समिति बनाएर थप लाइन नकाट्न, पार्टीको लाइन जोडिदिन निर्देशन गर्नुभयो। यही समितिले गरेको सिफारिस अनुसार महसुल उठाउन मन्त्रिपरिषदबाट निर्देशन भएको थियो। प्रधानमन्त्री ओलीजी नै हुनुहुन्थ्यो।

अर्का पूर्व प्रधानमन्त्री प्रचण्डजी पनि यस मामिलामा संलग्न भएको अवस्था छ। ८० सालमा तत्कालीन प्रधानमन्त्री प्रचण्डजीले लाइन नकाट्न स्पष्ट निर्देशन दिएका थिए। चार महिनापछि महसुल भुक्तानी नभएकाले लाइन काटेर महसुल असुल गर्न पुनः निर्देशन दिनुभएको थियो। यो निर्देशनका आधारमा २४ वटा उद्योगहरूको लाइन काटियो। ८० पौसमै मन्त्रिपरिषदले लाइनजोड्न निर्देशन दियो र सर्वोच्च अदालात्क्ला पूर्वन्यायाधीश गिरिशचन्द्र लालजीको अध्यक्षतामा छानबिन समिति गठन गर्ने निर्णय लियो। प्रधानमन्त्रीहरू विषयवस्तुको गहिराईमा नपुगी, राम्ररी कुरा नबुझी निर्देशन गर्न अभ्यस्त देखिएका छन्। विद्युत् महसुल लगाउने उठाउने जिम्मेवारी विद्युत प्राधिकरणको हो। प्राधिकरणले नै यसको सबै व्यवस्थापन गर्दछ। यदि प्राधिकरणका कर्मचारी हरुबाट बदनियत भएको भए छानबिन गरी निजहरु उपर कारबाही गर्ने काम सरकारको हो। अन्यथा महसुल उठाउने विषयमा सरकारले धेरै चिन्तन गरिरहनु पर्ने विषय होइन। किनकि यस विषयमा आयोग गठन भई आयोगको निष्कर्ष सहितको प्रतिवेदन प्राप्त भइसकेको छ।

सम्मानित अदालतले यस विषयमा महसुल उठाउन निर्देशन जारी गरेको छ। संसदले महसुल उठाउन प्राधिकरणलाई निर्देशन दिइसकेको थियो। सार्वजनिक लेखा समितिले यस विषयमा यसअघि नै पटक पटक महसुल असुल उपर गर्न प्राधिकरणलाई निर्देशन दिएको अवस्था छ। यस्तो स्पष्ट हुँदा हुँदै र व्यापारीहरू आफै रकम नतिर्ने प्रयोजनको लागि अदालतमा पुगेकोमा अदालतले उनी हरूको माग जायज नदेखी रकम तिर्न भनेको छ। यस अवस्थामा पनि महसुल नतिराउनु भनेको राजस्व प्रतिको खेलबाड हो। राजस्वको सिधा दुरुपयोग हुन पुग्नु हो। यस प्रकारको गलत निर्णय गर्ने अधिकार देसको कार्यकारी प्रमुखलाई समेत रहँदैन। यस विषयमा सरकारमा रहने हरूको र सांसद हरूको समेत ध्यान पुगेको अवस्था देखिएन।

विद्युत प्राधिकरणमा विद्युत उपभोक्ता समक्ष पुर्याउने, उपभोग गर्न लगाउने र त्यसको शुल्क निर्धारण गरी असुल गर्ने कामका लागि विभिन्न निकायहरू रहेका छन्। विद्युत प्राधिकरण आफैले यसको व्यवस्थापन पक्षको जिम्मेवारी लिन्छ। नीतिगत व्यवस्था गर्न र आवश्यकता अनुसार विद्युत प्राधिकरणलाई निर्देशन गर्न सहजीकरण गर्न ऊर्जा मन्त्रालय रहेको छ। विद्युत् नियमन आयोगको व्यवस्था छ। त्रुटिपूर्ण निर्णय यी निकायहरूबाट भएमा वा कानुन निर्माण र नीति निर्माणका सन्दर्भ नै यदि अन्य कानुनसँग भाजिने अवस्था वा संविधानसँग प्रतिकूल देखिएमा त्यसको व्याख्या गर्ने जिम्मेवारी सम्मानित सर्वोच्च अदालतले पाएकै छ। यस्ता विषयहरूमा चासो राख्दै प्रधानमन्त्रीहरूले निर्देशन दिने निर्णय गराउने विषय उपयुक्त होइन। प्रणालीले राष्ट्र सञ्चालन हुनुपर्दछ। व्यक्तिगत प्रभावका आधारमा कुनै पनि पदाधिकारीहरुले निर्णय लिने सन्दर्भ आफैंमा आलोचित बन्दछ। बनिराखेको छ।

सार्वजनिक लेखा समितिले यस विषयमा यति धेरै दिलचस्पी दिएको सन्दर्भ समेत आलोचित भइराखेको छ। किनकि त्यही समितिले यसअघि महसुल उठाउन विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ। यही समितिको सिफारिसमा संसदले महसुल शीघ्र उठाउन प्राधिकरणलाई निर्देशन दिएको छ। अदालतको निर्णय यही मिलानको छ। यस अवस्थामा केही प्रश्नहरूको जवाफ सार्वजनिक लेखा समितिले दिनु नै पर्ने अवस्था छ। सर्वप्रथम त लोकतन्त्रमा सार्वजनिक लेखा समितिको सभापति प्रतिपक्षी दलको सांसदलाई दिने संसदीय अभ्यास छ। त्यसको विपरीत प्रधानमन्त्री दलकै सांसदले यो समितिको नेतृत्व गरिरहनु भएको छ। यो आफैमा लोकतान्त्रिक मूल्य मान्यता विपरीत छ। प्रधानमन्त्री ओलीजीको निर्देशन अनुकूल कसरी समितिबाट निर्णय गराउने हो ? सोही व्यहोराको तयारीसहित सभापतिजी पटक/पटक संसदमा प्रस्तुत भइसक्नु भएको छ।

दोस्रो हो, त्यही समितिले अघिल्लो संसदमा गरेको निर्णय अहिले अर्को संसद आउने बित्तिकै त्यही विषयमा छलफल गर्दा सार्वजनिक लेखा समितिको समेत आशंकाहरु उब्जिएका छन्। किनकि त्यही समितिले यही विषयमा दिएको निर्णय के अहिलेको लेखा समितिले हेर्न मिल्दछ ? हेरिसकेपश्चात् पूर्व निर्णयको अनुकरण गर्ने वा अन्यथा निर्णय गर्ने अवस्थामा कानुनतः सार्वजनिक लेखा समितिलाई कार्यक्षेत्र र अधिकार प्राप्त छ छैन ? आफ्नै सिफारिसमा संसदले गरेको निर्णयबाट पृथक प्रकारले सोच्न सक्ने अवस्था सार्वजनिक लेखा समितिलाई हुनसक्छ र ? के सार्वजनिक लेखा समितिमा राष्ट्रका जल्दा बल्दा अन्य समस्याहरु छैनन् ? यदि छन् भने यस विषयमा समितिले अध्ययन र छलफल नगर्दा अति उत्तम हुने थियो। तर यहाँ छलफल भइराखेको छ। त्यसैले पूर्व निर्णयअनुसारको महसुल असुल गर्न विद्युत् प्राधिकरणलाई निर्देशन दिएर यो छलफलको बिट मार्नुपर्ने अवस्था छ। अन्यथा सार्वजनिक लेखा समिति विवादित बन्न सक्दछ।

कानुन निर्माताहरू देशका सांसदहरू हुन्। यो धेरै स्पष्ट पारिरहनु जरुरी रहँदैन। यिनै सांसदहरुले बनाएको कानुनमा बिल जारी भएको ३५ दिनभित्र उपभोक्ताहरूले महसुस बुझाउनु पर्दछ यदि त्यो महसुल रकममा चित्त नबुझी पुनरावलोकनका लागि पुनरावेदन गर्न सकिन्छ। मिटर रिडिङ भएको ६० दिनभित्र महसुल नबुझाएका उपभोक्ताहरूको लाइन काट्ने व्यवस्था विद्युत् महसुल सञ्चालन नियमावलीमा स्पष्ट छ। व्यापारीहरू, उद्योगपतिहरू पनि बिजुली उपभोग गरिराखेका कारण उपभोक्ता नै हुन्। उपभोक्ता हरूका बिच विभेदपूर्ण व्यवहार प्राधिकरणले सरकारले वा सम्बन्धित कुनै पनि सार्वजनिक निकायले गर्न सक्दैन, गर्न पाउँदैन, गर्नु पनि हुँदैन।

तर यहाँ विगत ९ वर्षदेखि २२ अर्ब विद्युत् महसुल उठाउने सन्दर्भमा लगातार छलफल भइराखेको छ। संसदको सार्वजनिक लेखा समितिको सम्मानित अदालतको समय व्यतीत भइराखेको छ। रकम उठाउने सम्बन्धमा सरकारबाटै पटकपटक व्यवधान खडा भएको अवस्था छ। विद्युत् प्राधिकरण कानुनी व्यवस्था मान्ने कि, अदालतको निर्णय मान्ने कि, विद्युत् नियमन आयोगको निर्देशनको पालना गर्ने कि, प्रधानमन्त्रीको ठाडो निर्देशनका आधारमा काम गर्ने कि, अत्यन्त दुविधामा परेको छ। यो अवस्था देशको जिम्मेवार सरकारमा रहनेहरुले गर्न गराउन बिल्कुल मिल्दैन। यहाँ सर्वसाधारण जनताको विद्युत् लाइन रकम भुक्तानी नगरेको ६० दिनभित्र काटिन्छ। यसमा कुनै पनि प्रकारको समझदारी विद्युत प्राधिकरणले गर्दैन। तर ठूला-ठूला व्यापारी हरुका पक्षमा देशका कार्यकारी प्रमुख र सम्बन्धित मन्त्रीहरू नै खडा हुँदा राष्ट्रसेवक अन्य प्राधिकरणका जिम्मेवार अधिकृतहरुलाई अत्यन्त असहज बनाएको छ। त्यसैले यो विषयलाई छिट्टै विद्युत् महसुल असुल गराउने र यस्ता प्रकारका विषयमा आयोग बनाएर कर्मचारीहरू छानबिन गराउने काममा सरकार लाग्दा हुन्छ। सरकार आफैंले विद्युत् महसुल तिर्न व्यापारीहरुलाई मन्जुर गराउने गरी कुनै पनि प्रकारको हर्कत र क्रियाकलाप सरकारले गर्नु हुँदैन।

देशको २२ अर्ब रुपैयाँ अपचलन गर्न देशका प्रधानमन्त्रीहरू लागिपरेको आरोप जनस्तरबाट लगाइएको छ। यस अवस्थामा सरकारमा रहने हरुले शीघ्र यो रकम असुल गराउने र तत्पश्चात् व्यवस्थापकीय सुधारका पक्षमा अग्रसर हुनु जरुरी छ। हालसम्म पूर्व प्रधानमन्त्री प्रचण्ड र वर्तमान प्रधानमन्त्री ओलीजी अत्यन्त ज्यादा व्यापारी मैत्री प्रधानमन्त्रीका रुपमा आलोचित हुनुहुन्छ। यति ठूलो रकम व्यापारीहरुलाई मिनाहा गर्ने निर्देशन दिनु र सोही अनुरुप कार्य गर्न लगाउनु आफैंमा अपराध हो। किनकि जनताको पैसा डुबाएर व्यापारीहरूलाई सहुलियत दिनु भनेको जनताको पक्षमा प्रधानमन्त्री नहुनु नै हो। यसमा कुनै प्रकारको दुविधा राख्नु जरुरी हुँदैन। ठूलो रकम प्राधिकरणका जिम्मेवार पदाधिकारी हरूबाट व्यापारीहरूलाई माफी मिना गरिदिएको भन्ने सन्दर्भलाई गम्भीरता पूर्वक लिनुपर्दछ। यदि प्रधानमन्त्री ओलीजीले भनेजस्तै १६ अरब रुपैयाँ व्यापारी हरुलाई मिनाहा दिइएको हो भने यो ठूलो अपराध हो। यति ठूलो साहस कर्मचारी हरुकै स्तरबाट हुने सम्भावना न्यून छ। राजनीतिक नेतृत्व कहिँ कतै जोडिएको हुनुपर्दछ। प्रधानमन्त्रीजीको अभिव्यक्तिले पनि यही कुरा इङ्गित गरेको छ। यस सम्बन्धमा शीघ्र छानबिन गरी कडा कारबाही गर्नु बान्छनीय हुनेछ। राजधानीबाट

# नेप्से परिसूचक ५५ दशमलव ८६ अङ्कले घट्यो



काठमाडौं। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ। गत साताको बुधबार ९० दशमलव ७३ र बिहीबार १२ दशमलव १० अङ्कले घटेको नेप्से परिसूचक यो साता कारोबारको पहिला दिन आइतबार २५ दशमलव ४६ अङ्कले घटेको थियो। पुँजीबजारको ओरालो यात्राले सोमबार पनि निरन्तरता पाएको छ। सोमबार नेप्से परिसूचक ५५ दशमलव ८६ अङ्कले घटेर दुई हजार छ सय ४६ दशमलव ०३ को बिन्दुमा कायम भएको हो। यो दुई दशमलव ०६ प्रतिशतको गिरावट हो।

नेप्से परिसूचक घटेसँगै कारोबार रकममा पनि उल्लेख्य गिरावट देखिएको छ। कारोबार रकम गत असार मसान्तको हाराहारीमा खुम्चिएको छ। तीन सय २७ कम्पनीको दुई करोड १० लाख ४८ हजार नौ सय ११ कित्ता शेयर एक लाख ११ हजार नौ सय ८६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ४३ करोड ९१ लाख छ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह दुई दशमलव ६७, जीवन बिमा दुई दशमलव ४९, निर्जीवन बिमा दुई दशमलव ४५, लघुवित्त दुई दशमलव ३३, बैंकिङ दुई दशमलव २८ र वित्त समूह दुई दशमलव २७ प्रतिशतले घटेको छ।

त्यस्तै विकास बैंक एक दशमलव ८७, जलविद्युत् दुई दशमलव ४४, लगानी शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन एक दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव ९४, व्यापार शून्य दशमलव ३५ र अन्य समूह एक दशमलव ८३ प्रतिशतले घटेको छ। हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ९८ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७८ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ३७ करोड पाँच लाख ५७ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १३ लाख ८२ हजार नौ सय छ कित्ता शेयर किनबेच भएको छ।

# कागतीको यस्तो बेफाइदा



कागती बहुउपयोगी फल हो। यसको सेवन स्वास्थ्यका लागि फाइदाजनक मानिनुका साथै सौन्दर्यमा पनि यसको उपयोगिता उत्तिकै छ। पानीमा कागतीको रस निचोरेर पिउनाले शरीरलाई भिटामिन सी, पोटासियम र फाइबर मिल्छ। तर, यसको अत्यधिक सेवन गर्नाले हाम्रो शरीरलाई नकारात्मक असर पनि गर्न सक्छ। कागतीमा पाइने सिट्रस एसिडले दाँतलाई हानी पुऱ्याउन सक्छ। यदि तपाईं धेरै मात्रामा कागतीको सेवन गर्नुहुन्छ भने दाँत कुँडिने वा झन्झनाहट हुने समस्या आउन सक्छ।

**अरु के–के बेफाइदा गर्छ त कागतीले ?**

**१. पेट खराब हुने**

यदि तपाई दैनिक कागतीको रस वा अमिलोको अत्याधिक सेवन गर्नुहुन्छ भने तपाईंको पेट खराब हुन सक्छ, किनभने कागतीमा एसिडको मात्रा धेरै हुन्छ। हाम्रो पेटले त्यसलाई पचाउन सक्दैन र पेट दुख्ने, उल्टि आउने सम्भावना हुन्छ।

**२. दाँत झन्झनाउने**

माथि नै भनियो कि कागतीमा हुने सिट्रस एसिडले दाँतलाई असर गर्छ। यदि तपाईंलाई कागती पानी पिउन छ भने सकभर स्ट्रले पिउने गर्नुहोस्। यसो गर्नाले कागती पानीले दाँतलाई छुन सक्दैन। अन्यथा दाँतमा तातो चिसो लाग्ने वा झन्झनाहट हुने समस्या हुन सक्छ।

**३. डिहाइड्रेसन**

कागती पानी पिउनाले बारम्बार पिसाब आउने समस्या हुन्छ, जसले शरीरमा पानीको कमी हुन सक्छ र डिहाइड्रेसन हुन्छ।

**४. माइग्रेन र टाउको दुख्ने**

कागती धेरै सेवन गर्नाले लगातार टाउको दुख्ने र माइग्रेनको समस्या पनि हुन सक्छ। यसमा पर्याप्त मात्रामा एमिनो एसिड हुन्छ जसले हाम्रो दिमागमा रक्तप्रवाहलाई अचानक तेज बनाइदिन्छ। यसैकारण धेरै टाउको दुख्ने र माइग्रेन हुन सक्छ।

**५. मिर्गौला र पित्ताशयको थैलीको समस्या**

कागतीमा अक्सलेट पनि हुन्छ, जुन धेरै सेवन गर्नाले शरीरमा गएर पत्थर बन्न सक्छ। यस्तो क्रिस्टलाइज अक्सलेटले मिर्गौला र पित्ताशयको थैलीमा स्टोनको रुप लिन सक्छ।

**६. छाला डढ्ने**

हुन त हामी कागतीलाई सुन्दरताको लागि प्रयोग गर्छौं, तर कागतीको अत्यधिक प्रयोगले हाम्रो छालामा सनबर्नको समस्या पनि हुन सक्छ।

# राष्ट्रिय दलित पत्रकार संघमा सुनार



बुटवल । राष्ट्रिय दलित पत्रकार संघ रुपन्देहीको तेस्रो अधिवेशन तथा वार्षिक साधारणसभा सोमबार बुटवलमा एक भव्य कार्यक्रमकाबिच सम्पन्न भएको छ। संघका रुपन्देही जिल्ला अध्यक्ष टक सुनारको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै नगरप्रमुख पाण्डेयले जातीय पहिचानको पेशा पछाडि परेर युवाहरु बेरोजगार भएको बताउँदै पेशा संरक्षण हुन आवश्यक रहेको बताए। उनले पेशालाई समयसँगै आधुनिकीकरण गर्न सक्नुपर्ने बताउँदै विसे नगर्चीको योगदानको बारेमा चर्चा गरेका थिए । उनले उप-महानगरपालिकाले रोजगारसँग प्रत्यक्ष सरोकार राख्ने किसिमका विभिन्न तालिमहरु प्रदान गरेको बताए।

कार्यक्रममा पत्रकारिताको माध्यमबाट जातीय विभेद अन्त्य र दलित आन्दोलनमा महत्वपूर्ण योगदान दिएको भनी संघका केन्द्रीय उपाध्यक्ष विनोद परियारलाई उत्कृष्ट पत्रकारिता पुस्स्कार प्रदान गरिएको छ । परियारलाई विसे नगर्ची फाउण्डेशन नेपालका अध्यक्ष रामकुमार रणपालको सौजन्यमा नगद रु ५ हजार राशीसहित प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको छ। त्यस्तैगरी संघकै केन्द्रीय सदस्य फुलु सुनारलाई क्रियाशील पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरिएको छ। सुनारलाई ओम पाल्पाली सुनचाँदी पसलका प्रोप्राइटर, सफल व्यवसायी तथा समाजसेवी शेरबहादुर गहतराजको सौजन्यमा नगद रु ५ हजार राशीसहित प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको छ।

कार्यक्रममा राष्ट्रिय समाचार समितिका पूर्व केन्द्रीय अध्यक्ष तथा वरिष्ठ पत्रकार अधिवक्ता डा. बालकृष्ण चापागाईंले बोल्दै २१औं शताब्दीमा पनि जातीय विभेद हुनु अत्यन्तै दुःखद भएको बताए। उनले यसको अन्त्य र समतामूलक समाज निर्माणका लागि आफू सधैं लागिरहेको बताए।

नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखेलले रुपन्देहीमा दलित पत्रकारहरुको संख्या तुलनात्मकरुपमा धेरै भए पनि गुणात्मक रुपमा अगाडि बढ्नु पर्ने बताए। उनले पत्रकार महासंघले सधैं सहकार्य गर्ने बताए। मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सल्लाहकार गोविन्द खनालले दलित अधिकार नै मानव अधिकार भएको बताए । उनले शान्ति समाजले जातीय विभेदका विषयमा सधैं पहलकदमी गरेको जनाए।

तिलोत्तमा नगरपालिका कार्यपालिका सदस्य सुरेन्द्र श्रीले दलित भनेको हेपिएको र च्यापिएको समुदाय भएकोले यसको उत्थान र संरक्षणका लागि दलित पत्रकारहरुले सञ्चारमाध्यमबाट विशेष जोड दिनुपर्ने बताए। उनले समानुपातिक कोटामा बढी मात्रामा दलित समुदायभन्दा पनि गैरदलितहरु भएको भन्दै राज्यका हरेक निकायमा दलितको उपस्थिति न्यून रहेको जनाए।

त्यस्तैगरी राष्ट्रिय दलित पत्रकार संघ नेपालका केन्द्रीय उपाध्यक्ष विनोद परियारले रुपन्देही शाखाले सम्मान गरेकोमा खुसी व्यक्त गर्दै पुरस्कार सौजन्य गर्ने विसे नगर्ची फाउण्डेशनलाई धन्यवाद व्यक्त गरेका थिए। उनले आफूले प्राप्त गरेको पुरस्कार राशी संघकै रुपन्देही शाखाको संस्थागत विकासका लागि प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

कार्यक्रममा बुटवल उप-महानगरपालिका कार्यपालिका सदस्य यमबहादुर सुनार, केन्द्रीय सदस्य चिन्ता परियार, संयुक्त दलित संघर्ष समितिका अध्यक्ष हरिओम विश्वकर्मा, विसे नगर्ची फाउण्डेशन नेपालका अध्यक्ष रामकुमार रणपाल, प्रेस सेन्टर नेपाल रुपन्देहीका अध्यक्ष विष्णुप्रसाद पोखरेल, प्रेस युनियन रुपन्देहीका उपाध्यक्ष कल्पना तिवारी, आदिवासी जनजाति पत्रकार संघ रुपन्देहीका अध्यक्ष सोनु थापालगायतले दलित पत्रकारहरुको हक, अधिकार र संरक्षणका लागि सधैं सहकार्य गर्ने बताएका थिए।

कार्यक्रममा अध्यक्ष टक सुनारले संस्थाको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष कृष्ण रणपालले आर्थिक प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ। संघका उपाध्यक्ष शशी परियारको स्वागत मन्तव्यमा भएको कार्यक्रममा सचिव सुरेश परियारले कार्यक्रमको सञ्चालन गरेका थिए।

**तेस्रो अधिवेशनबाट अध्यक्षमा पुनः सुनार निर्वाचित**

संघको तेस्रो जिल्ला अधिवेशनबाट पुनः टंक सुनारको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति सर्वसम्मतरुपमा चयन भएको छ । त्यस्तैगरी उपाध्यक्षमा सुरेश परियार, सचिवमा कृष्ण रणपाल, सह-सचिवमा गोविन्द रसाईली, कोषाध्यक्षमा ज्ञानकुमारी विक सर्वसम्मतरुपमा चयन भएका हुन् । त्यस्तैगरी कार्यसमिति सदस्यहरुमा प्रमोद नेपाली, मनिषा बस्याल नेपाली र भोजेन्द्र नेपाली चयन भएका छन् भने एक जना सदस्य पछि संघको पहिलो बैठकबाट मनोनयन गरिने भएको छ।

## बीपी जयन्तीमा खुल्ला म्याराथुन :

# मान्नधर र बस्नेतले चुमे उपाधि

**मोहम्मद हबिब**

*भैरहवा*




१११औं बीपी जयन्तीको अवसर पारेर नेपाली कांग्रेस रुपन्देहीले ५ किलोमिटरको खुल्ला सडक दौड (मिनी म्याराथुन) प्रतियोगिता सम्पन्न गरेको छ।

खुल्ला हाफ म्याराथुनको पुरुषतर्फको उपाधि धनु मानन्धर र महिलातर्फको उपाधि सरिताकुमारी बस्नेतले जितेका छन्।

बीपीको योगदानलाई स्मरण गर्दै नेपाली काङ्ग्रेस, रुपन्देहीको आयोजनामा गौतमबुद्ध विमानस्थल अगाडिबाट सुरु भएको म्याराथुन ५ किलोमिटरको दुरी पार गर्दै मिलनचोकमा समापन भएको थियो । निर्धारित दुरी पुरुषतर्फ मानन्धरले १५ मिनेट ५२ सेकेन्डमा दौड पूरा गरी प्रथम स्थान हासिल गरे । त्यस्तै १६ मिनेट ४ सेकेन्डमा लक्ष्य पार गर्दै उमेश बरई द्वितीय, १६ मिनेट २५ सेकेन्डमा अजय पाण्डेले निर्धारित दुरी पार गरी तृतीय स्थान प्राप्त गरे।

यस्तै महिलातर्फ बस्नेतले २१ मिनेट २९ सेकेन्डमा दौड पूरा गरी प्रथम स्थान हासिल गरिन। त्यस्तै २१ मिनेट ३० सेकेन्डमा लक्ष्य पार गर्दै कुसुम ठगुन्ना द्वितीय, २१ मिनेट ४४ सेकेन्डमा विपना केसीले निर्धारित दुरी पार गरी तृतीय स्थान प्राप्त गरे।

यस्तै सान्तवनातर्फ ५८ वर्षीय हरिश चन्द्र श्रेष्ठ र ११ वर्षीय द्वय मयक अग्रवाल र सादिप पठान ले निर्धारित दुरी पार गर्दै पुरस्कृत भए । विजेता दुवै विधाका धावक प्रथम हुनेले १० हजार, प्रमाण पत्र र मेडल, द्वितीय हुनेले ५ हजार, प्रमाण पत्र र मेडल, तृतीय हुनेले ३ हजार, प्रमाण पत्र र मेडल र सान्त्वना हुने तिनै जनालाई १ हजार ५ सय रुपैयाँ, प्रमाण पत्र एवं मेडलबाट पुरस्कृत गरिएको प्रतियोगिता सयोजक ओमकुमार श्रेष्ठले जानकारी दिए।

"खेलको विकास गर्नुपर्छ" भन्ने बीपीको भनाइलाई आत्मसात गर्दै उनको १११औं जन्मजयन्तीको अवसर पारेर प्रतियोगिताको आयोजना गरिएको नेपाली कांग्रेसका जिल्ला सभापति रामकृष्ण खाँणले बताए । "खेलले नागरिकलाई स्वस्थ बनाउँछ, राष्ट्रलाई बलियो बनाउँछ । राष्ट्रियतालाई बलियो बनाउँछ । त्यहि सिलसिलामा हामीले पनि खेलको विकास र युवालाई संगठित बनाउने उद्देश्यसहित प्रतियोगिताको आयोजना गरेका हौं," खाँणले भने-"खेलको विकासबाट राष्ट्रकै विकास गर्न सकिन्छ र यसमा पार्टीहरु पनि लाग्नुपर्ने सन्देशससहित मिनि म्याराथुनको आयोजना गरेका हौं ।" पार्टीको लागि यो नयाँ कार्यक्रम रहे पनि यसपछि खेलको विकासको लागि यसलाई नियमितता दिने उनले बताए। यससँगै खेलको अन्य विधाहरुमा पनि नेपाली कांग्रेसले अग्रसरता लिने उनको भनाइ थियो।

विजेताहरुलाई प्रदेशसभा सदस्य अब्दुल रज्जाक, पालिकाका प्रमुखहरु र पार्टीका रुपन्देही सभापति रामकृष्ण खाँणले पुरस्कृत गरेका थिए । युवाहरुमा खेल क्षेत्रप्रति उत्साह जगाउँदै यसको विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको थियो।

बिहान ७ बजे सुरु भएको पाँच किलोमिटरको प्रतियोगिता भैरहवास्थित गौतमबुद्ध विमानस्थलबाट सुरु भइ लुम्बिनी रोड, बुद्धचोक, बर्मेलीटोल, नारायणस्थान हुँदै मिलनचोक आएर समापन भएको थियो। प्रतियोगितामा करिब ५ सय धावक सहभागी थिए।

# बाँकेका एक सय पाँच कैदीबन्दी स्वअध्ययन गर्दै

नेपालगञ्ज (बाँके) । यहाँस्थित जिल्ला कारागारमा बन्दी जीवन बिताइरहेका कैदीबन्दी तथा थुनुवाले पनि स्वअध्ययन गरिरहेका छन् । कारागारमा रहेका एक सय पाँच कैदीबन्दीले स्वअध्ययन गरिरहेका कारागार प्रशासन नेपालगञ्जले जनाएको छ।

सङ्घीय सरकारले तोकको मापदण्ड र पाठ्यक्रमअनुसार कक्षा १ देखि ५ सम्म र कक्षा ६ देखि स्नातकोत्तर तहसम्म सम्बन्धित विश्वविद्यालयबाट परीक्षा दिने गरी कैदीबन्दी तथा थुनुवाले अध्ययन गरेका कारागारका प्रधानाध्यापक ज्योतिप्रकाश पौडेलले जानकारी दिए । कैदीबन्दीलाई प्रअ पौडेलबाहेक कारागारभित्रका अन्य दुई बन्दीले अध्ययन गर्न सहयोग गरेका छन्।

प्रअ पौडेलले १८ देखि ५५ वर्षसम्मका कैदीबन्दीले कारागारमा स्वअध्ययन गरिरहेका जानकारी दिँदै नैतिक शिक्षाका बारेमा पनि अध्यापन थालिएको बताए । "परीक्षाको फर्म खुलेको समयमा फर्म भरेर बन्दीले सम्बन्धित परीक्षा केन्द्रबाट परीक्षा दिएका हुन्छन्।"- उनले भने।

जुम्ला, कालीकोट, दैलेख, रुकुम, सल्ल्यानलगायत जिल्लामा रहेका विद्यालयमा आबद्ध भएर उनीहरुले नेपालगञ्जस्थित परीक्षा केन्द्रबाट परीक्षा दिएका पौडेलको भनाइ छ। स्वअध्ययन गरेर कैदमुक्त भएपछि आफ्नो पेसामा लाग्न सजिलो हुने उल्लेख गर्दै उनले बन्दीले आवश्यकताअनुसार पढ्दै गएका बताए।

पढ्ने कैदीबन्दी तथा थुनुवाहरुमध्ये लागुऔषध दुर्व्यसन मुद्दामा कारागारमा रहेका धेरै छन्। विसं २०५० देखि सो कारागारमा अध्ययन, अध्यापन हुँदै आएको प्रअ पौडेलले जानकारी दिए । "पढ्नेहरुको संख्या बढी हुँदा कक्षा लिन असजिलो भएको छ।"-उनले भने।

कारागारभित्र कक्षा १ मा पढ्ने २५, कक्षा २ मा २०, कक्षा ३ मा १५, कक्षा ४ मा २० र ५ कक्षामा १५ जना छन् । यसबाहेक १० जना कक्षा ६ देखि स्नातकोत्तर तह अध्ययन गर्नेछन् । उनीहरुलाई जीवन उपयोगी शिक्षाका साथसाथै योग र ध्यानका कक्षा पनि आवश्यक भएको पौडेलले बताए। कैदीबन्दी तथा थुनुवालाई बुद्धसँग सम्बन्धित पाठ्यपुस्तक परीयति शिक्षासमेत प्रदान गरिएको उनले जानकारी दिए।

# पूर्वमुख्यमन्त्री आमरण अनसनमा

बुटवल । कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले आज मंगलबारदेखि आमरण अनसन बस्ने बताएका छन्। कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष विभिन्न ९ वटा माग राख्दै आइतबार ४८ घण्टाको अल्टिमेटम दिएका थिए । कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई स्मरणपत्र पठाउँदै आफ्ना माग ४८ घण्टाभित्र पूरा नभए आमरण अनसन बस्ने चेतावनी दिएका थिए।

उनले पार्टीको झण्डा नराखी प्रदेशसभा भवन अगाडि आमरण अनसन बस्ने बताएका हुन् । कार्कीले आफू मर्ने तर अनसन छोडेर नभाग्ने बताए।

उनले दश वर्ष मुनिका बालबालिकाकाका लागि विशिष्टीकृत सेवासहित निःशुल्क उपचार कार्यक्रम नियमित गर्नुपर्ने, बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति लिनुपर्ने, शैलजा आचार्य हृदयरोग उपचार केन्द्रको सञ्चालन गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, घिउ तथा धूलो दूधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम यथावत् राख्नुपर्ने, सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रममा पर्याप्त बजेट दिनुपर्ने, कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, डाक्टर, इञ्जिनियरलगायत विभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र जनावरमैत्री जंगल निर्माण गर्नुपर्ने माग गरेका छन्।

आफ्नो नेतृत्वको सरकार विघटनपछि एमाले र माओवादीसहितको सरकार बनेको र उक्त सरकारका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रस्तुत गरेको बजेटमा उपरोक्त जनहितकारी एवम् समाजवादी कार्यक्रमलाई निर्ममताका साथ कटौती गरिएको कार्कीले दाबी गरेका छन्।

**नेपालको...**

प्राधिकरणले भारतीय अनुदानमा निर्माण भएको तथा आफ्नो स्वामित्वमा रहेको २५ मेगावाटको त्रिशूली र सहायक कम्पनीमार्फत् निर्माण गरिएको २२ मेगावाटको चिलिमे जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् बंगलादेश निर्यात गर्ने तयारी गरेको छ। यी दुवै भारतमा विद्युत् निर्यातका लागि स्वीकृति पाइसकेका आयोजनाहरु हुन्।

नेपाल र भारतबिचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै बंगलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतरको मुजफ्फरपुर विन्दुमा पाउने छ । अर्थात् बंगलादेश निर्यात हुने विद्युत्को मिटर मुजफ्फरपुरमा रहने छ।

ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्नेछ। मुजफ्फरपुरबाट भारतको प्रसारण लाइनमार्फत् बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइन हुँदै बंगलादेश विद्युत् पुग्नेछ।

नेपालले जुन १५ तारिखदेखि नोभेम्बर १५ तारिखसम्म ५ महिना बिजुली निर्यात गर्नेछ । प्रत्येक महिना २८ हजार ८०० मेगावाट आवर विद्युत् निर्यात गर्ने छ। यस हिसाबले ५ महिनामा १ लाख ४४ हजार मेगावाट आवर विद्युत् निर्यात हुनेछ । प्रतियुनिट बिजुलीको मूल्य ६.४ सेन्ट हुनेछ। नेपालले ५ महिनामा ९.२१६ मिलियन डलर आम्दानी गर्नेछ। अर्थात् नेपालले करिब १ अर्ब २३ करोड रुपैयाँ आम्दानी गर्नेछ।

अहिलेसम्म नेपालको भारतसँग मात्रै विद्युत् व्यापार सम्झौता भएको छ । यो बैठकमा ६८३ मेगावाटको सुनकोसी-तेस्रो जलविद्युत् आयोजना निर्माणका लागि सयुक्त कम्पनी बनाउने सम्झौता गर्ने तयारी छ। नेपाल बंगलादेशको ऊर्जा सचिवस्तरीय बैठकमा दुईपक्षीय समझदारी (एमओयु) गर्न लागिएको हो।

यसअघिको सचिवस्तरीय बैठकमा नेपाल र बंगलादेशबिच यो आयोजना निर्माण गर्न सयुक्त कम्पनी निर्माण गर्ने सहमति भएको थियो। सयुक्त कम्पनी खडा गर्नका लागि समझदारी गर्न लागिएको हो । यो परियोजनामा निर्माण गरेर बंगलादेशले बिजुली लैजान चाहेको छ । प्राविधिकसहितको बंगलादेशी टोलीले यो आयोजनाको स्थलगत निरीक्षण समेत गरिसकेको छ।

विद्युत् विकास विभागमार्फत् अध्ययन भएको यो आयोजनाको लाइसेन्स नेपाल विद्युत् प्राधिकरणसँग छ। विद्युत् प्राधिकरण र बंगलादेशी सरकारी कम्पनीको सयुक्त कम्पनी निर्माण हुनेछ।

## लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला (व. सु. प), सुनवल नगरपालिका वडा न. २ मा प्रस्तावित सुपादेउराली पेट इन्डष्ट्रिज प्रा. लि. उद्योग संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः२०८१/०५/२५)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सुपादेउराली पेट इन्डस्ट्रिज प्रा. लि.<br>ठेगानाः स्वाठी, सुनवल नगरपालिका -२, नवलपरासी जिल्ला (व. सु. प),लुम्बिनी प्रदेश,<br>फोन नं.: ९८५७०४७०४२ |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः सुनवल नगरपालिका -२<br>• जग्गाको विवरणः स्वाठी, सुनवल नगरपालिका-२ कि.न.(कित्ता नं ५३१, ५३०, ३२९, ३३३,३३१,३३०) जम्मा (०-१०-०) क्षेत्रफलको निजी जग्गा<br>• प्रस्तावबारे सामान्य जानकारीःपेट (PET) बोतल उत्पादन गर्ने, उद्योग निर्माण संचालन<br>• लगानीः २,००,००,००० (२ करोड)<br>• लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नवलपरासी जिल्ला (व. सु. प), / सुनवल नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष,सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न सुनवल नगरपालिका- २ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डायनामिक फुड्स प्रा. लि., रामग्राम नगरपालिका, नवलपरासी जिल्ला (व. सु. प), लुम्बिनी प्रदेश, फोन नं.:९८५७०४७०४२ |
| परामर्शदाताको नाम र ठेगाना | तलेजु कन्सल्ट बिल्डर्स एंड सप्लायर्स प्रा. लि.,बुटवल-११, रुपन्देही<br>इमेलःtalejugrp@gmail.com<br>सम्पर्क नंः ९८४०६१००८० |

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एलआइ सी नेपाल लि.को बिमालेख यही मिति २०८१।०४। २० गते बुटवलदेखि भैरहवा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : **खीमबहादुर गाहा**
**ठेगाना** : **बुटवल-११, रूपन्देही**
**बिमालेख नं.** : १५०००९९६६
**सम्पर्क** : ९८५७०३२५३३, ९८४६१९८८४१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एलआइ सी नेपाल लि.को बिमालेख यही मिति २०८१।०४। २० गते बुटवलदेखि भैरहवा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : **स्मृति गैरे**
**ठेगाना** : **देवदह-३, टटेरा**
**बिमालेख नं.** : १५००२८५६४
**सम्पर्क** : ९८५७०३२५३३


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ भदौ २५, गते मंगलबार
Tuesday Sept. 10, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# आठौं जिल्लास्तरीय स्नुकर प्रतियोगिता भैरहवामा



बुटवल । रुपन्देही पुल तथा स्नुकर संघको आयोजनामा आठौं रुपन्देही जिल्लास्तरीय स्नुकर प्रतियोगिता भैरहवामा हुने भएको छ ।

सोमबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष सुजन पुनले असोज ६ गतेदेखि भैरहवा नारायणथानस्थित क्रेजी क्यु क्लब हाउसमा करिब एक हप्तासम्म चल्ने प्रतियोगिताको तयारी तीव्र रुपमा अघि बढेको बताए। संघको आयोजनामा जिल्लास्तरीय स्नुकर प्रतियोगिताहरु बुटवलमा भइरहेकामा यसपटक भैरहवामा पहिलोपटक जिल्लास्तरीय प्रतियोगिता आयोजना गरिएको उनले बताए । आठौं जिल्लास्तरीय प्रतियोगितापछि बुटवलमा राष्ट्रिय प्रतियोगिता समेत गर्ने तयारीमा रहेको अध्यक्ष पुनले जानकारी गराए ।

कार्यक्रममा संघका संस्थापक अध्यक्ष एवं केन्द्रीय सदस्य भुपेन्द्रबहादुर क्षेत्री (हरि) ले स्नुकर खेललाई अघि बढाउन र मर्यादित बनाउन मिडिया र पत्रकारको महत्वपूर्ण भूमिका रहेको बताए । स्नुकर खेल प्रतिको प्रहरी, प्रशासन र नागरिकको दृष्टिकोण र सोँचलाई परिवर्तन गर्न रुपन्देहीका संचारकर्मीहरुको महत्वपुर्ण भुमिका रहेको समेत उनले बताए। उनले संस्थामा नया युवाहरु नेतृत्वमा आउने गरी सक्षम हुनुपर्ने सुझाव दिए।

कार्यक्रममा संघका सल्लाहकार तथा खेल संयोजक विजय थापाले स्नुकर खेलप्रतिको युवाहरुको आकर्षणलाई मध्यनजर गरि भैरहवामा प्रतियोगिता गर्न लागेको बताए । पहिलो पटक भैरहवामा आयोजना हुन लागेको प्रतियोगितालाई भब्य रुपमा सफल बनाउने गरि तयारीमा लागेको उनले बताए ।

रुपन्देही पुल तथा स्नुकर संघको सदस्यता लिएका जुनसुकै जिल्लाका खेलाडीले भाग लिन पाउने उनले बताए । करिब डेढ सय खेलाडीहरुले भाग लिने अनुमान गरिएको प्रतियोगिताको उपाधि विजेताले नगद ६१ हजार रुपैयाँ, तथा उपविजेताले नगद २५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ । यसैगरी हाईयस्ट ब्रेकरलाई नगद १० हजार रुपैयाँ, कपबाट पुरस्कृत गरिने खेल संयोजक थापाले बताए ।

कार्यक्रममा स्नुकर संघका वरिष्ठ सल्लाहकार संजयरत्न बज्राचार्य, प्रथम उपाध्यक्ष बासु प्रधान, संघका सचिव प्रकाश क्षेत्री लगायतले स्नुकर खेल विकासमा स्थानिय सरकारको सहयोग जरुरी रहेको बताए ।

हाल रुपन्देहीमा ४४ वटा स्नुकर हाउसहरु संचालनमा छन् भने राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी रुपन्देहीबाट उत्पादन भएका छन् । भैरहवामा हुने प्रतियोगिताको क्रममा स्नुकर खेलको विकास र प्रचारप्रसारमा सञ्चार क्षेत्रबाट योगदान गर्ने बढीमा दुईजना पत्रकारलाई सम्मान कार्यक्रम समेत निरन्तरता दिने उनले बताए ।

# रामग्राम स्तूप परिसरमै खुलेयाम रूपमा मदिराको व्यापार



**गौरीशंकर जयसवाल**
*परासी*

भगवान गौतमबुद्धको अस्तूधातु रहेको पवित्र स्थल रामग्राम स्तूप परिसरमा अवैध रुपमा मदिराको व्यापार भइरहेको छ । पवित्र स्थल रामग्राम स्तूपमा खुलेयाम अवैध मदिरा व्यापर हुँदा सम्बन्धित निकाय मौन बसिरहेको छ । रामग्राम स्तूपमा खुल्लायम मदिरा व्यापार हुँदा सम्बन्धित निकायको आलोचना समेत भैरहेको छ ।

रामग्राम नगरपालिका वडा नं. ७ स्थित रामग्राम स्तूपको परिसर पूर्वतर्फ शौचालय नजिकै अनाधिकृत रुपमा टहरा निर्माण गरी मदिरालगायतको व्यापार भइरहेको हो । पवित्र स्थलमा रामग्राम स्तूप गौतम भगवनाको शान्ति क्षेत्र मानिने भएकोले यसरी अवैध रुपमा मदिरा बिक्री वितरण हुँदा समेत लुम्बिनी विकास कोष बेवास्ता गरेको पाइएको छ ।

रामग्राम नगरपालिकाको पनि आलोचना हुँदै आएको छ । रामग्राम नगरपालिकाका मेयर धनपत यादवले लुम्बिनीको क्षेत्राधिकारमा परेको कारण नगरपालिकाले स्तूप केही गर्न नसक्ने बताए । रामग्राम स्तूप परिसरभित्र अवैध रुपमा टहरा निर्माण गरी अवैध रुपमा मदिरा बिक्री वितरण गरेको भन्दै नागरिक समाजले आपत्ति जनाएको छ । शान्ति क्षेत्रलाई भंग हुने गरी स्तूप परिसरमै मदिराको व्यापार हुँदा अन्तर्राष्ट्रियस्तरमै नकारात्मक सन्देश जाने नागरिक समाजको दाबी छ ।

रामग्राम स्तूपको पूर्वतर्फ शौचालय नजिकै अनाधिकृत रुपमा टहरा निर्माण गरी मदिरालगायतको व्यापार भइरहेकोले तत्काल हटाउन माग गरेको नागरिक समाज नवलपरासीका अध्यक्ष राधेश्याम सिंह सैथवारले बताए । स्तूप क्षेत्रमा स्थानीय सरकारलाई समेत कुनै संरचना बनाउन नदिने पुरातत्व विभाग र लुम्बिनी विकास कोषले स्तूप परिसरमै टहरा बनाएर मदिराको कारोबार गर्दा पनि मुकदर्शक बनेको सैथवारले जनाए ।

स्तूपकै परिसरमा टहरासहितका संरचना बन्दा पनि रामग्राम नगरपालिका र लुम्बिनी विकास कोषले बेवास्ता गर्नुले शंका पैदा भएको उनको भनाई थियो । विश्वका बौद्ध धर्मावलम्बीहरुको तीर्थ स्थलको रुपमा रहेको रामग्राम स्तूप परिसरमा भइरहेको मदिरा बिक्रीवितरण कार्यलाई तत्काल रोक्न समेत नागरिक समाजले माग गरेको छ ।

रामग्राम ७ देउरवाका एक स्थानीयले स्तूप नजिकै दुई वटा टहरा बनाएर मदिरासहितको व्यापार गरिरहेका छन् । यही भदौ महिनाको रक्षाबन्धनबाट व्यापार सुरु गरेका उनले चटपट, चाउमिन, वियर र घरपाला रक्सी बिक्री गर्दै आएको बताए । टहरा बनाएको जग्गा आफ्नो नम्बरी जग्गा भएको र लालपूर्जा पनि रहेको उनको दाबी छ ।

यता लुम्बिनी विकास कोषले भने स्तूप क्षेत्रमा कुनै संरचना बनाउन र मदिराको व्यापार गर्न नपाइने भन्दै तत्काल हटाउने बताएको छ । कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले तत्कालै जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी अवैध संरचना हटाउन र मदिराको व्यापार रोक्न लगाउने जानकारी दिए ।

# सडक निर्माणमा ढिलासुस्ती गरेको भन्दै चक्का जाम



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

पूर्व-पश्चिम राजमार्गअन्तर्गत नारायणगढ-बुटवल सडक खण्डको काममा ढिलासुस्ती भएको भन्दै नवलपुरको गैँडाकोटमा स्थानीयले सोमबार चक्काजाम गरेर विरोध जनाएका छन् ।

सडक विस्तार तथा मर्मतमा भएको ढिलासुस्तीका कारण यात्रु र स्थानीयले दुःख पाएको भन्दै स्थानीय आन्दोलित भएका हुन् ।

गैँडाकोट २ पुलचोक नजिक इलाका प्रहरी कार्यालय गैँडाकोट अगाडि स्थानीयले करिब १ घण्टा चक्काजाम गरेका हुन् । उनीहरुले चाडपर्व नजिकिँदा समेत सडक मर्मतमा कुनै चासो नदिएको उल्लेख गर्दै टायर बालेर विरोध गर्दै सडक अवरुद्ध गरेका हुन् । छिटो काम गर्न दबाब दिनका लागि सडक अवरुद्ध गरिएको स्थानीयहरुले बताएका छन् । उनीहरुले बिहान ११ बजेदेखि १ घण्टा चक्काजाम गरेका हुन् ।

होटल व्यवसायी कमल गौतमले सडकमा हिँड्ने मात्रै नभइ पसलमा बस्नेहरुलाई पनि असर गरिरहेकोले बाध्यताले चक्काजाम गर्नु परेको बताए । लामो समयसम्म पनि व्यवसायको अगाडि ठूला ठूला खाल्डो खनेर अलपत्र पारेको उनको भनाइ थियो ।

गैँडाकोट २ का वडाध्यक्ष प्रकाश सापकोटाले निर्माण पक्षलाई पटक-पटक आग्रह गर्दा पनि अटेर गरेका कारण सडकमा उत्रनु परेको बताए ।

प्रहरी निरीक्षक हस्तबहादुर सुनारले सडक निर्माण पक्षलाई बोलाएर छलफल गराउने आश्वासन दिएपछि अवरुद्ध सडक स्थानीयले खोलेका थिए ।

सामान्य पानी पर्दा पनि यहाँ अन्य क्षेत्रको पानी समेत बगेर आउने भएकोले हिलाम्य हुने गरेको छ भने घाम लाग्दा धुलाम्य हुने गरेको छ । हिलो हुँदा पनि सडक मर्मत नगर्ने तथा घाम लाग्दा पानी समेत नहाल्ने गरेको स्थानीयले बताउँदै आएका छन् ।

# मणिमुकुन्द कलेज प्रथम



बुटवल । नेपथ्य कलेजअन्तर्गत नेपथ्य म्युजिक हबको आयोजनामा भैरहवामा सम्पन्न अन्तरकलेज ब्यान्ड प्रतियोगितामा मणिमुकुन्द कलेज प्रथम भएको छ । मणिमुकुन्द कलेजका विद्यार्थीहरु समिर घिमिरे, निश्चित बस्नेत, सदित थापा, साहिल गाहा र सुशान्त सिंजापती मगरले सो उपाधि हात पार्न सफल भएका हुन् ।

विभिन्न कलेजका विद्यार्थीबिच भएको प्रतिस्पर्धामा आयोजक नेपथ्य कलेज दोश्रो र होराइजन जीबीएस तेश्रो भएको आयोजक कलेजले जनाएको छ ।

विद्यार्थीसँगै उपाधि ग्रहण गर्दै मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले मणिमुकुन्द कलेजले शैक्षिक गुणस्तरसँगै अतिरिक्त क्रियाकलाप, खेलकुद र संगीतमा पनि उत्कृष्ट नतिजामा निरन्तरता दिन सफल भएको भन्दै विजयी सबै कलेजका विद्यार्थीलाई बधाई ज्ञापन गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र


"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com